श्री कन्चनपुर जिल्ला अदालत

तहशील शाखा

भीमदत्तनगर, कन्चनपुर

यस अदालतमा बिगत लामो समय देखि बिभिन्न मुद्दाहरूमा दशी स्वरूप दाखिला हुन आएका जिन्सीमा आम्दानी बाँधिएका सुन, चाँदी, सोबाट बनेका गरगहना र चाँदीका मुद्राहरू देहायमा उल्लिखित सि. नं. १ देखि २४ सम्म दशीका ती बहुमूल्य सामानहरू जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम समेत सीलबन्दी डाँक लिलाम बडाबडद्वारा एकमुष्ट बिक्री गरिने भएकोले यस अदालतको मिति २०७८।०१।०९ को निर्णय र मिति २०७८।०४।०८ गते बसेको मूल्यांकन समितिको निर्णयानुसार सीलबन्दी डाँक लिलाम बडाबडमा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले मिति २०७८।०४।१० गते देखि मिति २०७८।०४।२४ गतेसम्म यस अदालतबाट जारी गरिएको दरखास्त निवेदन लिई (रू.२,०००/- फिर्ता नहुने) दर्ता गरी आफूले बोलकबूल गरेको रकमको १०% रकम श्री कोष तथा लेखा नियन्त्रक कार्यालय कन्चनपुरको राष्ट्रिय वाणिज्य बैंक महेन्द्रनगर शाखाको धरौटी खाता नं. ४१८०१००१०२०३०००० र यस अदालतको कोड नं २०४९७७६०१ मा जम्मा गरेको सक्कलै भौचर पेश गरेका व्यक्ति वा संस्थालाई मात्र मिति २०७८।०४।२५ गते सीलबन्दी डाँक लिलाम बडाबडमा सहभागी गराइने भएकोले लिलाम सकार गर्न इच्छुक नेपाली नागरिक तथा फर्महरूबाट सीलबन्दी डाँक लिलाम बडाबड लागि आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छः- सि.नं. १ देखि २४ सम्मका बहुमूल्य सामानहरूको न्यूनतम जम्मा मूल्यः- रू.६,७२,६२९/- छ लाख बाहत्तर हजार छ सय उन्तीस रूपैयाँ मात्र।

१. सीलबन्दी डाँक लिलाम बडाबडमा सहभागी हुन चाहने व्यक्ति वा संस्था वा फर्मले मिति २०७८।०४।१० देखि ऐ. २४ गतेसम्म नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र संस्था वा फर्मले कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि बोलकबूल अंकको १०% रकम दाखिला गरेको भौचर समेत साथैराखी व्यक्तिको हकमा स्वयं र संस्था वा फर्मको हकमा आधिकारिक व्यक्तिबाट सीलबन्दी डाँक लिलाम फाराम दस्तुर यस अदालतको तहशील शाखाबाट जारी निवेदन भरी (निवेदन दस्तुर रू.२,०००/- फिर्ता नहुनेगरी) यस अदालतको तहशील शाखामा बुझाउनु पर्नेछ।

२. सीलबन्दी डाँक लिलाम बडाबड निवेदन मिति २०७८।०४।१० देखि मिति २०७८।०४।२४ गतेसम्म दर्ता गरेका निवेदकहरूलाई मात्र मिति २०७८।०४।२५ गते दिनको २.०० बजे डाँक लिलाम बडाबडमा सहभागी गराइने छ।

३. सीलबन्दी डाँक लिलाम सम्पन्न हुँदा सबभन्दा बढी अंक बोलकबूल गर्ने व्यक्ति वा संस्थाको वाहेक अरूको धरौटी रकम नियमानुसार (व्यक्तिको हकमा नेपाली नागरिकताको सक्कल प्रमाणपत्र हेरी र संस्थाको हकमा आवश्यक प्रमाण कागजात हेरी) फिर्ता गरिने छ।

४. सीलबन्दी डाँक लिलाम बडाबड निवेदन दर्ता गराउने व्यक्ति वा संस्थाले मिति २०७८।०४।२५ गते दिनको २.०० बजेसम्म सम्पन्न हुने सीलबन्दी डाँक लिलाम बडाबड कार्यमा स्वयं उपस्थित हुनुपर्ने छ, निवेदन दर्ता गराई सो मिति र समय भित्र उपस्थित नहुने निवेदन दर्तावालालाई कुनै मौका प्रदान गरिने छैन, सो दिन कुनै सार्वजनिक बिदा परेमा सो सार्बजनिक बिदा सकिएको भोलिपल्ट माथिकै प्रकृया बमोजिम लिलाम बडाबड कार्य सम्पन्न गरिनेछ।

५. सीलबन्दी डाँक लिलाम बडाबड यस अदालतबाट स्वीकृत भै सकार गरिलिने व्यक्ति वा संस्थाले ७ (सात) दिन भित्र आफूले वोलकबूल गरेको मूल्यको १३% ले हुने मूल्य अभिवृद्धि कर समेत जोडी हुन आउने एकमुष्ट रकम माथि उल्लिखित धरौटी खातामा दाखिला गरेको बैंक भौचर पेशगरी लिलामी हुने बहुमूल्य सामानहरू नेपाल नापतौल तथा गुणस्तर विभागबाट प्रमाणित तराजु (काँटा) लिलामी डाँक स्वीकार गर्ने निबेदकले स्वयंले ल्याई तौल गरेर लिन चाहेमा यस अदालतबाट आवश्यक सहजीकरण गरिने छ। मनासिब माफिकको कारण बाहेक सो समय भित्र ती बहुमूल्य मालसामानहरू उठाई नलिएमा बोलकबूलको १०% ले हुन आउने धरौटी रकम कानून बमोजिम जफत हुन सक्नेछ।

६. सीलबन्दी डाँक लिलाम बडाबड हुने बहुमूल्य सामानहरू हेर्न चाहेमा वा यस सम्बन्धमा थपकुरा बुझ्नुपर्ने भए अड्डा समय भित्र विहान १०.०० बजे देखि बेलुका ५.०० बजे सम्म यस अदालतको तहशील शाखामा सम्पर्क गर्न सकिनेछ।

७. ती लिलाम बिक्री हुने बहुमूल्य मालसामानहरूको २५% ह्रास (जर्ती) कट्टी गरी मूल्य कायम गरिएको छ।

७. सीलबन्दी डाँक लिलाम बडाबड सम्बन्धी सम्पूर्ण अधिकार यस अदालतमा रहने छ।

२०७८।४।११

(महिमानसिंह विष्ट)

तहशीलदार शाखा अधिकृत

तपशील

2.

| सिं.न | जिन्सी नं. | आदेश मिति | वादी | प्रतिवादी | मुद्दा | लिलाम गर्नु पर्ने बहुमूल्य सामानहरू | तौल | मूल्यांकन समिति र प्राविधिकले तोकेको न्यूनतम मूल्यः- |
|---|---|---|---|---|---|---|---|---|
| १. | १/१ | २०३३।१०।१९ | पूर्व श्री ५ को सरकार | प्रतिवादी नभएको | वेवारिसी मानिस मरेको | १.चाँदीका कम्पनी रूपैयाँ -१३ थान।<br>-एक थान गिलट | १५७.६१० ग्राम | २,६८०/- |
| | | | | | | २. चाँदीको पाउजेव थान-१ | -३२.९९० ग्राम | ३,१६८/- |
| | | | | | | ३.चार आना भरको सुनको फुली थान-१ | २.३६० ग्राम | १६,५७५/- |
| | | | | | | ४.ऐ.ऐ.को चार आना भरको बुलाँकी थान -१ | २.७१० ग्राम | १९,०३३/- |
| | | | | | | ५.चाँदीको खोक्रो जन्तरथान -१ | ७.१५० ग्राम | ६८८/- |
| | | | | | | ६.चाँदीको सानो झुम्का-१ | ५ ग्राम | ४८०/- |
| २. | २/२ | २०३२।०९।०९ | ,, | जोगी रावल समेत | आत्महत्या | १.पत्थर लगाएको २ आना भरको सुनको फुली थान-१<br>२.ऐ. एकआना भरको बुलाकी थान-१<br>३. ऐ. तीन लालको फुली थान-१ | सबैको एक मुष्ट तौल २.४७० ग्राम | १७,३४८/- |
| ३. | ३/१२ | २०३२।१२।१७ | ,, | नभएको झुण्डी मरेको | झुण्डी मरेको | १.बाह आना भरका सुनका मुन्द्रा जोर-१ | ८.८१० ग्राम | ६१,८७४/- |
| ४. | ४/३५ | २०३५।०६।०६ | ,, | छोटेलाल राना समेत | डाँका | १.चाँदीको बीरजोड थान-१<br>२.ऐ.को कण्ठको श्री थान-१ | सबै सि.नं. मा भएको चाँदीको जम्मा तौल | १,१६,५८०/- |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ३.ऐ.बाजुबेन्द्र भएको फुटेको सिक्री थान-२<br>४. ऐ.को तप्किया थान-४<br>५. ऐ.चारचवलीको बाजु लगौरा थान-१<br>६.लगौरा धातुको थान-१<br>७.एक चवन्नी वाला लगौरा थान-१<br>८.एक अन्नी ३ बाला कलुश्री थान-१<br>९.झुम्का जोर थान-१<br>१०.लगौरा सिक्री थान-१<br>११.कानका पुडा थान-२<br>१२.खुटी लगाएका२५ पैसा थान-७<br>१३.गिलटको खुटी लगाएको रूपैयाँ थान-४<br>१४.खुट्टी लगाएको भारू.थान-१<br>१५.खुट्टी लगाएको गिलटको पातो थान-१<br>१६.घुँगड सानो थान-२<br>१७.उर्दुलेखिएको खुट्टी लगाएको गिल्टीको रू.९(नौ)<br>१८. ऐ. खुट्टी लगाएको रू.४ (चार)<br>१९.खुट्टी लगाएको कम्पनीको दुइतले रू.२(दुई) | १२१४.३६० ग्राम<br><br>अरू बाँकी गिलट। | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०.गिल्टको दोताले रू.१(एक)<br>२१.खुट्टी लगाएको चाँदीको अठन्नी एक थान<br>२२. सानो सिक्री झुम्का थान-१<br>२३.चाँदीका खुट्टी लगाएका चवन्नी थान-७<br>२४.ऐ.का खुट्टी लगाएका अठ्न्नी थान-३<br>२५.गिलटको बाला थान-१<br>२६.ए.को सानो जोर थान-१<br>२७.दुइतले गिलटका खुट्टी लगाएका अठ्न्नी थान-१९ (उन्नइस)<br>२८. गिलटका खुट्टी लगाएका रू.१९(उन्नइस)<br>२९.कार्स खुट्टोवाला १ तले दोतले भारू र नेपाली गरी रू.३० (तीस)<br>३०.ऐ.खुट्टी लगाएका अठ्न्नी चौवन्नी थान -४४(चावालीस)<br>३१.एकन्नी खुट्टी लगाएका थान-६२<br>३२.गिलटको औंठी थान-१<br>३३.खुट्टी लगाएको नेरू.थान-१०<br>३४.खुट्टी लगाएको रू. थान-१<br>३५.खुट्टी लगाएको र नलगाएको गरी भारू अठ्न्नी | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | थान-१६<br>३६.नेरू खुट्टी लगाएको अठन्नी थान-२०<br>३७.खुट्टी लगाएको अठन्नी सिक्का थान-२<br>३८.दुईतले खुट्टी लगाएको चवन्नी थान-३४<br>३९.खुट्टी लगाएको भारू२ पैसे थान-१ | | |
| ५. | ५/१२ | २०३५।१०।२१ | ,, | धर्मसिंह राना समेत | डाँका | १.सुनको फुली १$^{१/२}$ लालको थान-१<br>२.ऐ. बुलाकी एक आनाको थान-१<br>३.सुनका डेढ आनाभरका रिङ थान-२ | ०.१६० ग्राम<br>०.६८० ग्राम<br>१.०९० ग्राम | १,००९/-<br>४,२८७/-<br>६,८७१/- |
| ६. | ६/५५ | २०३९।०९।१२ | ,, | चीजमाया | कर्तव्य ज्यान | १.कमसल सुनको १$^{१/२}$ आना भएको कानमा लगाउने रिङ थान-१ | सुन नभएको। | १०/- |
| ७. | ७/१५७ | २०४०।०७।२९ | ,, | मदने सुनार | चोरी | १.चाँदीको भारतीय दोतले रू.थान-८<br>२.सानो सिक्का दोतले १२ थान<br>३.गिल्टी ३ थान (रू.३/- | ९२.२७० ग्राम<br>५१.४१० ग्राम<br>- | ८,८५९/-<br>४,९३६/-<br>१०/- |
| ८. | ८/१६४ | ऐ. | ,, | कैले जेठरा | चोरी | १.खुट्टी लगाएका चाँदीका कम्पनी ८ रूपैयाँ गिलट,<br>२. ४ थान चाँदी | <br>४८.८०० ग्राम | १०/-<br>४,६८५//- |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९. | ९/१ ७१ | २०२१। ०२।२८ | ,, | भारतीय नागरिक हरिशंकर भट्ट समेत | कर्तव्य ज्यान | १. सुनको मुन्द्री जोर थान-१ | ६.८४० ग्राम | ४३,११४/- |
| १० . | ११ | २०४१। ०४।०६ | ,, | गोरे दमाई | नकबजनी चोरी | १.डेढ तोलाको निलो पत्थर जडान भएको चाँदीको पायजेव थान-१ यो गिलट<br>२.चाँदीको जन्तर थान-१ | -<br>३.०३० ग्राम | १००/-<br>२९२/- |
| ११ | १९ | २०३९। ०१।०५ | ,, | चन्द्र राना | चोरी | १.कण्ठश्री थान-१ गिलट<br>२.चैमुडी थान-१ गिलट<br>३.धर्म अठन्नी थान-१३ गिलट<br>४.मोरू चौवन्नी खुटो लगाएको थान-१६ मध्ये १३ थान चाँदी<br>बाँकी ३ थान भारू चवन्नी गिलट | -<br>-<br>-<br>४३.२३० ग्राम | १००/-<br>१००/-<br>१३/-<br>४,१५२/-<br>१०/- |
| १२ | १२८ | २०४८। ०३।०७ | ,, | जवाहर तेली | डाँका | १.पुरानो सिक्का खुट्टा सहितको प्रति गोटाको तौल १३ आनाले गोटा २० को दुई टुक्रा भएको माला थान-१<br>२.उक्त मालाको बीचमा रहेको गिलटको जन्तर १ तोला २ आनाको थान-१ | सबै गिलट भएकोले तौल नखुलाइएको। | ३००/-<br>२०/- |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | १२९ | २०४८। ०३।०७ | " | जवाहर तेली | झाँकी | १.मालाको तारमा उनेको भारतीय चाँदीको पुरानो रू.१ को थान-१६, गिलट<br>२.उक्त तारमा उनेको आठ आना दरको पुरानो चाँदीको भारतीय सिक्का थान- ९<br>३.तारमा उनेको नेपाली सिक्का थान २० गिलट<br>४. आठ आनादरको सिक्का चाँदीको थान-५,<br>५.चाँदीको चार आना दरको सिक्का थान-१२,<br>६,.माला उनेको एक आना दरको चाँदीको सिक्का थान-६ गिलट | गिलट<br>५२.४८० ग्राम<br>गिलट<br>२९.१६० ग्राम<br>३४.९९० ग्राम<br>गिलट | ३२/-<br>४,०८०/-<br>२०/-<br>२,८००/-<br>३,३३९/-<br>१२/- |
| १४ | १०/ ८५ | २०४९। १२।११ | " | बरण्डा चौधरी | ज.क. तथा जबरजस्ती चोरी | १.गिलटको १४ बटा रूपैयाँ जडेको माला थान-१ मा ८ थान चाँदी<br>२.चाँदीको २० वटा रूपैयाँ जडेको जन्तर सहितको माला थान-१ गिलट<br>३.गिलटको चैन थान-१ गिलट | ९८.७०० ग्राम<br>गिलट<br>गिलट | ९,४८२/-<br>१०/-<br>१०/- |
| १५ | १५/ ९० | २०५०। ०६।११ | " | दिलबहादुर विष्ट | नकबजनी चोरी | १.तामाका सिक्का थान-४१ | - | २००/- |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १६ | १४२ /२१ | २०५२। ०५।२२ | ,, | शंकर थापा समेत | चोरी | १.सात अना तौल भएको डिका सुन थान-१ | ५.२०० ग्राम | ४०,९७१/- |
| १७ | २०४ | २०५४। ०४।२६ | ,, | कालुसिंह धामी | ला.औ. चरेश | १.एक तोला डेढ आना तौलका सुनका टप सहितका झुम्का थान-२ | १२.४८० ग्राम | ८३,९०८/- |
| १८ | ३२७ | २०५९। ०६।१५ | ,, | कसमीर सिंह | ठगी | १. दशी सरह प्राप्त हुन आएका फुली थान-१४९ | सुनको जलप मात्र भएको | ९०/- |
| १९ | ३८५ | २०७३। १०।१८ | ,, | अर्जुन सुनार समेत | नकवजनी चोरी | १.चाँदीको कानमा लगाउने टप थान-२ | १ ग्राम | १००/- |
| २० | ४८४ | २०६८। ०७।२५ | ,, | रमेश शर्मा समेत | नकबजनी चोरी | १.३६ तोलाको चाँदीको सुता थान-१२.<br>२.चाँदीको आचमन र चाँदीको कप २० तोलाको थान-२ | ४१९.८६० ग्राम<br>२३४ ग्राम | ४,०३०८/-<br>२२,४६४/- |
| २१ | ५४४ | २०७०। १२।१७ | ,, | सन्जय थापा समेत | कर्तव्य ज्यान | १. साडे ३ आना मिचेको सुनको बन्दी खाम थान-१ (कमसल सुन) | २.५५० ग्राम | १६,०७३/- |
| २२ | ६५० | २०७३। ०९।२७ | " | सोमबहादुर परियार समेत | चोरी | १.कानमा लगाउने सुनको मुन्द्रा थान-१ | ०.५८० ग्राम | ३,६५६/- |
| २३ | ६५७ | २०७३। १२।०३ | " | आसु सिनाल समेत | नकबजनी चोरी | १.सुनको तिलहरी थान-१<br>(लाहा सहित१.९४० ग्राम)<br>२.पित्तलको सिक्री थान-१ | ०.८३० ग्राम<br>(अनुमानित)<br>पितल | ५,२३२/-<br><br>३०/- |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २४ | ६८४ | २०७४।०४।२४ | " | गोकुलप्रसाद श्रेष्ठ समेत | सरकारी छाप दस्तखत किर्ते | १.सुनको चेन थान-१ लकेट सहित<br>२. चाँदीको ब्रासलेट | १८.६०० ग्राम<br>५४.६६० ग्राम | १,१७,२४०/-<br>५,२६८/- |
| प्राविधिक र मूल्यांकन समितिले तोकेको न्यूनतम मूल्य छ लाख बाहत्तर हजार छ सय उनन्तीस रूपैयाँ मात्र | | | | | | | | ६,७२,६२९/- |

इति संवत् २०७८ साल साउन महीना १० गते रोज १ शुभम्..................................................।

तहसिलदार
शा.अ.